सुनछहरी गाउँपालिका

# व्यावसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि-२०७५

## सुनछहरी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**पोबाङ रोल्पा**

**५ नं प्रदेश, नेपाल**

प्रथम संसोधन मितिः२०७६/०४/१९

## प्रस्तावना

सुनछहरी गाउँपालिका क्षेत्र भित्र संचालित एव संचालन हुने विभिन्न व्यावसायीक गतिविधिहरुलाई कानुनी दायरामा ल्याउन, व्यवसाय संचालन मार्फत गाँउपालिकाको आन्तरिक आम्दानीलाई समेत टेवा पुऱ्याउन, स्वच्छ, मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रर्वद्धनमार्फत उपभोक्ताको हित संरक्षण गर्न अनि स्थानीय सरकार र आम व्यवसायीहरुबीच सुमधुर सम्बन्ध स्थापित गर्दै साझेदारीमा आधारित विकासलाई अगाडि बढाउन वाञ्छनिय भएकोले सुनछहरी गाउँकार्यपालिकाद्वारा यो कार्यविधि जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यविधिको नाम "**सुनछहरी गाँउपालिका व्यावसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि - २०७५**" रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषा :विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "कार्यालय" भन्नाले यस सुनछहरी गाउँपालिकाको कार्यालय सम्झनुपर्नेछ ।

(ख) "शाखा" भन्नाले यस सुनछहरी गाउँपालिकामा रहेका सम्वन्धित विषयगत शाखा सम्झनुपर्नेछ ।

(ग) "वडा कार्यालय" भन्नाले यस सुनछहरी गाउँपालिका अन्तर्गतका ७ वटै वडा कार्यालयहरु सम्झनुपर्नेछ ।

(घ) "अध्यक्ष" भन्नाले यस सुनछहरी गाउँपालिकाको अध्यक्ष सम्झनुपर्नेछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले यस सुनछहरी गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्नेछ ।

(च) "कार्यपालिका सदस्य" भन्नाले यस सुनछहरी गाउँपालिकाको सदस्यहरुलाई सम्झनुपर्नेछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस सुनछहरी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्नेछ ।

(ज) "वडा समिति" भन्नाले यस सुनछहरी गाउँपालिकाको ७ वटै वडाका समितिहरु सम्झनुपर्नेछ ।

(झ) "ब्यवसायी" भन्नाले यस सुनछहरी गाउँपालिका भित्रका सम्वन्धित व्यवसायी, व्यक्ति वा संस्था सम्झनु पर्नेछ ।

(ञ) "कार्यविधि" भन्नाले "ब्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि - २०७५" सम्झनुपर्नेछ ।

३. **क्षेत्रः** यस सुनछहरी गाउँपालिका क्षेत्र भित्रका सबै व्यवसायीहरुलाई यस कार्यविधिले समेट्नेछ ।

४. **विषयगत क्षेत्र** : विषयगत क्षेत्र अन्तर्गत करका दायरा भित्र देहायका क्षेत्रहरु पर्नेछन् ।

(क) दैनिक उपभोग्य सामाग्रिहरु खाद्यन्न, थोक तथा खुद्रा पसल

(ख) होटल ब्यवसाय

(ग) पशुपालन फर्म

(घ) नर्सरी

(ङ) उद्योग तथा कल कारखाना

(च) कृषि फर्म ।
(छ) औषधि पसल ।
ज) विविध

## (५) व्यवसाय दर्ता प्रकृया :

(५.१) व्यवसाय दर्ता गरी व्यवसाय संचालन गर्नुपर्ने : यस सुनछहरी गाउपालिका क्षेत्र भित्र कुनै व्यवसाय संचालन गर्नु अघि कार्यविधि वमोजिमि व्यवसाय दर्ता गर्नुपर्नेछ ।

(५.२) व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्नेः गाउपालिका क्षेत्रभित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसुचि १ मा उल्लेखित ढाँचाको दरखास्त फारम कार्यलयमा दिन सक्नेछ । यस्तो फारममा देहायका कुराहरू खुलेको हुनुपर्नेछ ।

क) व्यवसायको नाम
ख) व्यवसाय रहने ठेगाना
ग) व्यवसायको प्रकृतिः उधोग, व्यापार, सेवा पेशा
घ) व्यवसायले कारोवार गर्ने मुख्य वस्तु सेवा तथा कामको विवरण
ङ) स्थिर पुजिगत लगानी
च) व्यवसायीको नाम ठेगाना र वावु वाजेको नाम
छ) व्यवसायी रहने घरधनि / जग्गाधनीको नाम
ज) समय समयमा गाउपालिकाले तोकिदिएको अन्य विवरण
झ) व्यवसायिको नागरिकता नं / स्थानिय इजाजत नं

५.३ यसरी वुदा नं ५.२ को ढाचामा निवेदन प्राप्त भएपछि कार्यलयले यस उपर आवश्यक जाचवुझ समेत गरी निर्धारण गरे वमोजिमको वार्षिक कर एवं अन्य दस्तुरहरू लिइ व्यवसाय दर्ता गर्नुपर्नेछ । साथै व्यवसाय दर्ता भए पछि गाउ कार्यपालिकाको कार्यलयले दर्ता भएको व्यवसायीको विवरण अनुसुची ३ वमोजिमको व्यावसाय कर दर्ता कितावमा उल्लेख गरी निवेदकलाइ अनुसुची २ को ढाचामा व्यावसाय कर दर्ता प्रमाणपत्र उपल्वध गराउनुपर्नेछ ।

५.४. व्यवसाय नविकरण गर्नुपर्ने – वुदा नं ५.२ वमोजिम दर्ता भएका व्यवसाय आर्थिक वर्ष शुरू भएको ३५ दिन भित्र वार्षिक कर अग्रिमरूपमा तिरी प्रत्येक आर्थिक वर्षकोलागि व्यवसाय नविकरण गर्नुपर्नेछ । साथै नया व्यवसाय संचालन गर्ने व्यवसायीले व्यवसाय संचालन गरेको १ महिना भित्र व्यवसाय दर्ता गरीसक्नुपर्नेछ ।

**(६) व्यवसाय दर्ताका लागि आवश्यक कागजातहरु :**

६.१. व्यवसाय दर्ताका लागि **व्यवसायीहरूले** देहायका कागजातहरु सहित अनुसूची **१** बमोजिमको ढाँचामा गाँउकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।

(१) हालसालै खिचेको २ प्रति फोटो

(२) नागरिकता प्रमाण पत्रको प्रतिलिपी

(३) वडा कार्यालयको सिफारिस

(४) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी

(५) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा

(६) उद्योगको हकमा संधियारको मञ्जुरीनामा।

**(७.) व्यवसाय दर्ता तथा नवीकरण शुल्क र पुनरावलोकन सम्वन्धी व्यवस्था**

७.१ व्यवसाय दर्ता/नविकरण सम्वन्धी शुल्क/दस्तुर सुनछहरी गाउपालिकाको आर्थिक एन बमोजिम हुनेछ।

७.२ प्रत्येक आ.व.समाप्त भएपछि व्यवसाय दर्ता /नविकरण शुल्कमा गाउपालिकाले पुनरावलोकन गर्न सक्नेछ।

(८) छुट्टा छुट्टै व्यवसाय दर्ता गराउनुपर्ने- एकै व्यक्तिको नाममा एउटै उदेश्य भएको एक भन्दा वढि स्थानमा व्यवसाय संचालन गर्नुपर्ने भएमा कार्यविधिले छुट्टै व्यवस्था गरेको वा प्रचलित कानुनमा अन्यथा व्यवस्था गरेको अवस्थामा वाहेक छुट्टा छुट्टै व्यवसाय दर्ता गराउनु पर्नेछ ।

(९) कर वुझाउने दायित्व- कर वुझाउने दायित्व यस कार्यविधिको वुदा नं ५.२ वमोजिम दर्ता भएको व्यक्ति वा निजको प्रतिनिधिको हुनेछ । तर कुनै व्यवसाय एक भन्दा वढि व्यक्तिको नाममा संयुक्त दर्ता भएको रहेछ भने सो मध्ये कुनै पनि व्यक्तिलाइ कर वुझाउन वाध्य पार्न सकिनेछ ।

(१०) विवरण हेरफेर गर्न अनुमति लिनुपर्ने- वुदा नं ५.२ वमोजिम व्यवसाय दर्ताको लागि पेश गरिएको निवेदनमा उल्लेखित विवरणहरू मध्ये केहि कुरा हेरफेर गर्नुपर्ने भएमा १५ दिन भित्र सो को जानकारी सम्वन्धित वडा कार्यलयमा दिनुपर्नेछ ।

यसरी निवेदन परेमा सम्वन्धित वडा कार्यलयले आवश्यक जाचवुझ समेत गरी संसोधित प्रकृतिको व्यवसायको तोकिएको कर र विविरण हेरफेर गरेवाफत रू २०० /- थप दस्तुर लिइ विवरण संसोधन गरिदिनुपर्नेछ र सोको व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनुपर्नेछ ।

(११) व्यवसायको नाम परिवर्तन गर्ने सम्वन्धमा – व्यवसायको प्रकृति कारोवार गर्ने वस्तु तथा सेवाको किसिम एवं व्यवसायको नाम परिवर्तन गर्नुपरेमा नया प्रकृतिको व्यवसायको कर साविकको करको भन्दा वढी लाग्ने भएमा सो फरक रकम समेत असुल गर्नुपर्नेछ ।

(१२) कार्यलयले विवरण माग गर्न र निर्देशन दिन सक्ने- कुनै खास पेशा व्यवसाय वा व्यापारको सम्वन्धमा केहि कुरा वुझन आवश्यक ठानेमा कार्यलयले थप विवरण माग गर्न सक्नेछ । यसरी माग गरिएको विवरण उपल्वध गराउने कर्तव्य सम्वन्धित करदाताको हुनेछ । यसरी कार्यविधि वमोजिम दर्ता भएका पेशा व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नुपर्नेछ । यस सम्वन्धमा कार्यलयले दिने निर्देशन सम्वन्धित करदाताको पालना गर्ने गराउने दायित्व सम्वन्धित कर दाताको हुनेछ ।

(१३) व्यवसाय संचालनको अनुमति लिनुपर्ने – गाउपालिकामा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्वन्धित निकायवाट प्रचलित कानुन वमोजिम अनुमति लिनुपर्ने कानुनी प्रावधान भएका पेशा व्यवसाय संचालन गर्नुपुर्व सम्वन्धित निकायवाट अनुमति लिनुपर्ने दायित्व करदाताको हुनेछ ।

(१४) व्यवसाय दर्ता खारेज गर्न सकिने

१४.१ यस कार्यविधि वमोजिम कर लाग्ने व्यवसाय दर्ता भए पछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ । निवेदन पर्नु भन्दा अघिसम्म व्यवसाय संचालनमै रहेको मानि कर निर्धारण गरी कर असुल उपर गरिनेछ ।

१४.२ एन नियमावलि र यस कार्यविधि वमोजिम दर्ता भएको व्यवसाय वन्द गर्न चाहेमा मनासिव कारण खोलि करदाताले सम्वन्धित कार्यलयमा निवेदन दिनुपर्नेछ । निवेदन प्राप्त भएपछि कार्यलयले आवश्यक जाचवुझ गरी चालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि लगत कटटा वाफत सेवा शुल्क समेत असुल लगत कटटा गरिदिनु पर्नेछ ।

१४.३ प्रचलित कानुन विपरीतको कारोवार पेशा संचालन गरेमा र व्यवसाय संचालन सम्वन्धमा कार्यलयले दिएको निर्देशन वारम्वार उल्लघन गरेमा कार्यलयले व्यवसायको दर्ता खारेजी गरी वाकिर वक्योता कर तथा जरिवाना सरकारी वाकि सरह करदातावाट असुल गर्नेछ ।

१४.४ यस कार्यविधिको वुदा नं १४.३ वमोजिम कार्यलयले व्यवसाय दर्ता खारेज गरेमा व्यवसाय सम्वद करदाताको नाममा गाउपालिकामा ३ वर्ष सम्म कुनै पनि व्यवसाय दर्ता गरी संचालन गर्न नपाउने व्यवस्था गर्न सक्नेछ । साथै त्यस्ता करदाताको विवरण सार्वजिनक गरिनेछ ।

(१५) जरिवाना तथा थप दस्तुर लाग्ने

१५.१ एन नियमावलि तथा यस कार्यविधिमा तोकिएको समयभित्र कर नवुझाएमा कर वुझाउने दायित्व भएको आर्थिक वर्षकोलागि सम्वन्धित आर्थिक वर्षको अन्तसम्मको लागि करमा ५ प्रतिशत जरिवाना लिइ असुल गरिनेछ । तर एन नियमावलिमा उल्लेख भएको जरिवानाको हकमा सोही वमोजिम हुनेछ ।

१५.२ एक आर्थिक वर्ष समाप्त भएपछि पनि कर नवुझाएमा कार्यलयले प्रत्येक आर्थिक वर्षको लागि कर रकमको वार्षिक १० प्रतिशतका दरले जरिवाना लगाइ असुल उपर गरिनेछ ।

१६. **मूल्यसूची सम्वन्धी व्यवस्था :** सम्पुर्ण व्यवसायीहरुले अनिवार्य रुपमा उपभोक्ताहरुले प्रस्ट संग देख्ने गरी मूल्यसूची राख्नुपर्नेछ ।

**१७. बजार अनुगमन सम्वन्धी व्यवस्था :**

**१७.१** यस गाउँपालिका भित्र संचालन भएका व्यापार व्यवसायलाई स्वस्थ, ब्यवस्थित बनाउन नियमित अनुगमन गरिनेछ । बजार अनुगमन सम्बन्धी अन्य व्यवस्था गर्न गाँउकार्यपालिकाले बजार अनुगमन निर्देशिका जारी गर्न सक्ने छ ।

**१८. कारबाही र जरिवाना सम्वन्धी व्यवस्था :**

**१८.१** बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको जरिवाना गरिनेछ :-

| **विवरण** | **जरिवाना** |
|---|---|
| (क) पसलमा मूल्यसूची नराखेमा | रु. ५००।- |
| (ख) पसलमा प्रमाणपत्र नराखेमा | रु.२००।- |
| (ग) गुणस्तरहीन सामाग्रिहरु बेचविखन गरेमा | रु.५०००।- |
| (घ) म्याद नाघेका सामाग्रिहरु बेचविखन गरेमा | रु.५०००।- |
| (ङ) बजार मूल्य भन्दा चर्को मूल्यमा सामाग्रिहरु बेचविखन गरेमा | रु.४०००।- |

(च) प्रदुषित, फोहोर सामाग्रीहरु बेचविखन गरेमा रु. ५,०००।- (२) उपदफा (१) बमोजिम जरिवाना गरिसके पश्चात पनि कुनै व्यवसायीले आफ्नो कमजोरी सुधार नगरेको पाइएमा त्यस्ता व्यवसायीलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ ।

१९. **बाधा अड्काउ सम्वन्धी व्यवस्था :**

**१९.१** यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यक्ता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**१९.२** यस कार्यविधीको कार्यान्वयनमा कुनै वाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो वाधा अवरोध हटाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार ब्यवस्था गर्न सक्नेछ ।

कार्यविधिको वुदा नं ६सँग सम्वन्धित

अनुसूची १

सुनछहरी गाउपालिका

गाँउ कार्यपालिकाको कार्यलय

पोवाङ, रोल्पा

श्रीमान ....................................ज्यु

...................................................................।

विषयः व्यवसाय दर्ता/ नविकरण गर्न पाँउ ।

मैले/ हामिले निम्न स्थानमा .........................................व्यवसाय दर्ता/ नविकरण गर्न लागेकोले आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/छौ । स्थानिय सरकार संचालन एन २०७४ दफा ५८ वमोजिम लाग्ने व्यवसाय कर साथै गाँउपालिकावाट समय समयमा दिइने आदेश / निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौ । साथै मैले/हामिले पेश गरेको कागजात तथा विवरण ठिक साचो रहेको र फरक परे कानुन वमोजिम कारवाहि भएमा मञ्जुर छु/छौ।

१। व्यवसायको नाम थर ...................................................................

२। स्थायी ठेगाना जिल्ला.........................गाउपालिका ...............वडा नं ..............मार्ग...............घर नं

३। वावुको नाम थर.................................................................

४। व्यवसाय रहने स्थानको ठेगानाः वडा नं ..............मार्ग नं.............घर नं .......पसल संकेत नं..............

५। सम्पर्क नं ............................फ्याक्स नं ...............इमेल.........................

६। भाडामा रहेको भए व्यवसाय रहने घर/ जग्गा धनिको नाम थर ..............................

७। ठेगानाः वडा नं ....................मार्ग ............................घर नं ..............................

८। व्यवसायको प्रकृति ..............................पुजिगत लगानि...................................

९। फर्म/ कम्पनिको नाम.................................

१०। अन्यन्त्र दर्ता भएको भए दर्ता नं .........................

११। संग्लन गर्नुपर्ने कागजातहरू

नागरिकताको प्रतिलिपि १ आफनै घर भए जग्गा धनि प्रमाणपत्रको प्रतिलिपि, १ भाडामा वस्ने भए भाडा रकम र सम्झौता पत्र प्रतिलिपि १, करदाताको हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति , फर्म कम्पनि भए दर्ता, १ इजाजत प्रमाणपत्र १ र कर चुक्ता प्रमाणपत्र प्रतिलिपि १

मिति ............................

.........................

निवेदकको दस्तखत

..............................................................................................................................................................

.........................

कार्यलय प्रयोजनका लागि मात्र

निवेदन दस्तुरः............................दर्ता दस्तुर ........................व्यवसाय

कर..............................

जरिवाना............................जम्मा ..............................व्यवसाय प्रमाणपत्र नं

..................                    .........................                    .........................

पेश गर्ने                    ठिक छ भनि प्रमाणित गर्ने                    स्विकृत गर्ने

कार्यविधिको बुँदा नं ५ को ५.३  सँग सम्वन्धित

अनुसूची २

सुनछहरी गाउँपालिका

## गाँउ कार्यपालिकाको कार्यलय

पोवाङ, रोल्पा

## व्यवसाय दर्ता प्रमाणपत्र

करदाता नं. ......

दर्ता मिति.

प्रमाणपत्र नं.:

.................जिल्ला...........................................................गाउपालिका ............ नं वडा ...............................टोल/गाउ वस्ने श्री ........................................................लाई स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५८ वमोजिम निम्न विवरण अनुसारको व्यवसाय दर्ता गरी यो प्रमाणपत्र जारी गरिएको छ ।

व्यवसाय/फर्मको नाम - ..............................................................

व्यवसाय रहने स्थान – सुनछहरी गाँउपालिका , वडा नं ................वाटोको नाम....................

घर नं .......... टोल............................

व्यवसाय रहने घर / जग्गा धनिको नाम - .......................................................

व्यवसायको प्रकृति-............................................................... प्यान नं .......................................

सम्पर्क नं ..................................................

.........................                    ..................................

करदाताको हस्ताक्षर                    स्विकृत गर्नेको हस्ताक्षर

ध्यान दिनुपर्ने कुराहरू

१ प्रत्येक आर्थिक वर्षको लागि तोकिएको वार्षिक कर सम्वन्धित कार्यलयमा गइ आ.व.को ३५ दिन भित्र वुझाइ प्रमाणपत्र नविकरण गरिसक्नुपर्नेछ । गाउपालिकावाट व्यवसाय कर टोलि खटाइएको अवस्थामा व्यवसायीको कार्यस्थलमा व्यवसाय प्रमाणपत्र नविकरण गर्न सकिनेछ ।

२ व्यवसाय गरि आएको स्थान परिवर्तन गर्न परेमा गाउपालिकाको पुर्व स्विकृत लिनुपर्नेछ ।

३ व्यवसाय वन्द गर्नपरेमा करदाताले सम्वन्धित कार्यलयवाट व्यवसाय वन्द भएको जनाउ पत्र अनिवार्य रूपमा लिनुपर्नेछ । अन्यथा व्यवसाय चालु नै रहेको मानि साल वसाली रूपमा कर लाग्नेछ ।

४ यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सवैले देखिने गरी राख्नु पर्दछ र गाउपालिकाको सम्वन्धित कर्मचारिले हेर्न चाहेका वखत तुरून्त देखाउनु पर्नेछ ।

५ कुनै पनि किसिमको व्यवसायिक गतिविधिमा वाल श्रमिक प्रयोग गर्न पाइने छैन । यदि सो गरेको पाइएमा प्रचलित कानुन वमोजिम कारवाहि गरी दर्ता खारेजि समेत गर्न सकिनेछ ।

६ व्यवसायवाट उत्पादन हुने फोहोरमैलाको उचित व्यवस्थापन गर्ने दायित्व करदाताको हुनेछ ।

७ उल्लेखित शर्तनामाहरू पालना नगरेको खण्डमा गाउपालिकाले जुनसुकै वखतमा पनि यो प्रमाणपत्र रद् गरी व्यवसाय वन्द समेत गर्न सक्नेछ ।

८ यो प्रमाणपत्र कर प्रयोजनकालागि मात्र जारी गरिएको हो । कुनै पेशा वा व्यवासाय संचालन गर्नुपरे भएमा प्रचलित कानुन वमोजिम  अनुमति लिएर मात्र संचालन गर्नुपर्नेछ ।

सुनछहरी गाउँपालिका
२०७३
Sunchhahari Rural Municipality
पोबाङ, रोल्पा

<u>नबिकरण विवरण</u>

| नबिकरण | | भुक्तानी विवरण | | | | | दस्तखत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति | मान्य रहने अबधि | राजस्व रकम | छुट | जरीवाना | जम्मा भुक्तानी | रसिद नं. | फाटवाला | अधिकृत | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

नोटः प्रचलित ऐन नियम र सुनछहरी गाउँपालिकाबाट समय-समयमा हुने निर्णय तथा निर्देशनका साथै देहायमा उल्लेखित नियमहरुको पालन गर्ने गरी उपरोक्त अनुसारको ब्यबसाय/फर्म यस गाउँपालिका को कार्यालयमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

यो प्रमाण-पत्र जारी गरिएको मितिले एक आर्थिक बर्षका लागी मान्य रहने र त्यसपछी हरेक बर्ष नबिकरण गर्नु पर्नेछ ।